# श्रमण नारद

(नेपाली)



श्रीयुक्त नाथुराम प्रेमी

Downloaded from http://dhamma.digital

# धर्मकीर्ति प्रकाशन
## (नेपाली भाषा)

(१) बौद्ध प्रश्नोत्तर
(२) बौद्ध दर्शन
(३) नारी हृदय
(४) बुद्ध शासनको इतिहास
(५) पटाचारा
(६) ज्ञानमाला
(७) बुद्ध र वहाँको विचार
(८) शान्ति
(९) बौद्ध ध्यान
(१०) पञ्चशील
(११) लक्ष्मी
(१२) उखानको कथा संग्रह
(१३) तथागत हृदय
(१४) महास्वप्न जातक
(१५) बौद्ध जगतमा स्वास्थ्य सेवा
(१६) मिलिन्द प्रश्न १, २
(१८) श्रमण नारद तृ. सं.
(१९) वेस्सन्तर जातक
(२०) सतिपट्ठान भावना
(२१) बौद्ध विश्वास भाग–१,२
(२३) बौद्ध दर्पण
(२४) सप्तरत्न धन
(२५) सफलताको रहस्य
(२६) मानव महामानव
(२७) निरोगी
(२८) जातक कथा
(२९) सतिपट्ठान विपस्सना
(३०) प्रज्ञा चक्षु
(३१) परित्राण
(३२) पूजाविधि र कथा संग्रह द्वि.
(३३) मंले बुझेको बुद्ध–धर्म
(३४) आमाबाबु र छोराछोरी
(३५) स्नेही छोरी
(३६) परित्तसुत्त (पाली भाषा)
(३७) बुद्ध र बुद्ध धर्मको......
(३८) बुद्ध र बुद्धपछि
(३९) धम्मवती
(४०) बौद्ध–ज्ञान
(४१) संक्षिप्त बुद्ध–जीवनी
(४२) मानव स्वभाव

## Dharmakirti Publication
### ( English )

1. Buddhist Economics & The Modern World
2. Dharmakirti Vihar Today
3. Dharmakirti Vihar
4. Dharmakirti in a Nutshell

Downloaded from http://dhamma.digital

# श्रमण नारद

(नेपाली)

लेखक

श्रीयुत्त नाथुराम प्रेमी

अनुवादक

प्रकाश बज्राचार्य

Dhamma.Digital

Downloaded from http://dhamma.digital

प्रकाशक :

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

धर्मकीर्ति विहार,

श्रीघः नःघल टोल, काठमाडौं।

फोन : २२०४६६

नेपाल सम्वत्- १११४

बुद्ध सम्वत्- २५३७

विक्रम सम्वत्- २०५१

ईस्वी सम्वत्- १९९४

तृतीय संस्करण : ३००० प्रति

मुद्रक :

**नील सरस्वती छापाखाना,**

लाजिम्पाट, काठमाडौं।

फोन : ४१ ८० ५४

Downloaded from http://dhamma.digital

# धर्मदान

दिवंगत हजुर बा लतमान, हजुर आमा लक्ष्मी थकुं, ठूलो वा न्हुच्छे नारायण, पिता कुल नारायण, माता पूर्ण कुमारी, छोरा शिव प्रसाद र छोरी सर्मिष्टाहरूको पुण्यस्मृतिमा उनीहरूको सुगति कामना गर्दै प्रस्तुत पुस्तक धर्मदान गर्नेहरू:–

सत्य नारायण मानन्धर श्रीमती तारादेवी

छोरा बुहारीहरू

डा. दुर्गा प्रसाद मानन्धर श्रीमती लक्ष्मी

शंकर प्रसाद मानन्धर श्रीमती उजला

छोरीहरू

शारदा, सुभद्रा, शान्ति, र सरिता

नातिहरू

विजय र संजय मानन्धर

Downloaded from http://dhamma.digital

# प्रकाशकीय

ईर्ष्या र द्वेषभावले भरेको वर्तमान समाजमा प्रस्तुत पुस्तक अमृत समान हुनेछ भन्ने हामीलाई लागेको छ । सहन नसक्नु, अर्काको दोष खोज्नु, अरूलाई हानी गर्नु आदि दुर्गुणले दूषित भएको समाजलाई यो पुस्तक प्रदान गर्न सकेकोमा हामीलाई हर्ष लागेको छ ।

प्रस्तुत पुस्तक हिन्दी भाषाबाट नेपाल भाषामा भिक्षु अश्वघोषबाट अनुदित 'श्रमण नारद' को नेपालीमा अनुवाद हो। अनुवादक प्रकाश बज्राचार्य धन्यवादको पात्र छ । यो सानो पुस्तक कतिको लोकप्रिय छ भन्ने कुरो 'प्रस्तावना' बाट स्पष्ट हुन्छ । व्यवहारमा बौद्ध धर्म कसरी प्रयोग हुन्छ भन्ने कुरो यो पुस्तक पढेपछि छर्लङ्ग हुनेछ ।

प्रुफ हेर्ने काम गर्नु भएकोमा भिक्षु अश्वघोष तथा भिक्षु कोण्डण्यमा कृतज्ञता प्रकट गर्दछु र पुस्तक प्रकाशनार्थ चाहिने आर्थिक सहयोग गर्नु भएकोमा श्री सत्यनारायण मानन्धरलाई हृदयदेखि धन्यवाद दिंदै उहाँको सुस्वास्थ्यको कामना गर्दछु । साथै विहारसम्म प्रुफ ल्याइकन यथा समयमै राम्रोसंग छापिदिनु भएकोमा नील सरस्वती छापाखाना लाजिम्पाट पनि धन्यवादको पात्र छ ।

**अनगारिका धम्मवती**
**अध्यक्ष**
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी

धर्मकीर्ति विहार
२०५१

Downloaded from http://dhamma.digital

# प्रस्तावना

यो सानो पुस्तक कोही बौद्ध विद्वान्‌द्वारा लिखित पाली कथाको हिन्दी अनुवाद हो। यो लगभग २०० वर्ष अगाडिको एक कथा हो। विचार गरेर हेर्दाखेरि धेरैजसो घटिसकेका सत्य घटनाको आधारमा यो कथा लेखिएको देखिन्छ। यूरोप र अमेरिकाका धेरै भाषामा यसको अनुवाद भइसक्यो। त्यति मात्रै होइन, २० पटक भन्दा बढी फेरि फेरि छापिसक्यो। माथि उल्लेखित देशहरूले यो पुस्तकलाई धेरै सम्मान र गौरव राख्दछन्। मानिसहरूले यो पुस्तकलाई पूज्यदृष्टिले हेर्दछन्। राष्ट्रिय पर्व, विवाह मङ्गल उत्सव र अन्य अवसरमा यो पुस्तक हजारौं संख्यामा उपहार स्वरूप बाँड्ने गर्छन्। साथीले साथीलाई पनि, नाता कुटुम्बलाई पनि यो पुस्तक कोसेली, उपहार र दाइजोको रूपमा दिने चलन थियो। रूसको सुप्रसिद्ध विद्वान् महात्मा कौण्ट टल्सटायले यो पुस्तकको धेरै राम्रो समालोचना गरेको छ। उहाँले यही किसिमबाट यसको आधारमा अरू कतिपय कथाहरू आफ्नो मातृभाषामा लेख्नु भएको छ। यसबाट पाठकवर्गले थाहा पाउन सक्छन् कि यो पुस्तक कतिको राम्रो छ।

जैन समाजको सुप्रसिद्ध व्याख्याता पं. फतेहचन्द कपूर-चन्द्रलालले आफू अमेरिकामा छँदा यो पुस्तक गुजराती

Downloaded from http://dhamma.digital

भाषामा अनुवाद गर्नु भयो। अंग्रेजीमा यो पुस्तकको नाम "कर्म" हो। त्यसै पुस्तकबाट गुजरातीमा यसको अनुवाद भएको हो। त्यही अनुवाद अहिलेसम्ममा दुईपल्ट छापिसक्यो। स्मरणीय कुरो यो छ कि गुजरात प्रान्तमा यो पुस्तक घर घरमा पढाइने रहेछ। लालन महाशयको कृपाले यो अनुवाद पुस्तक पढ्ने सौभाग्य मलाई पनि प्राप्त भयो। पहिले त मलाई यो पुस्तक त्यतिको राम्रो होला भन्ने लागेको थिएन। तर पढेर हेरेपछि मैले यसको महत्त्व बुझें। यो पुस्तकले मेरो मनलाई धेरै प्रभावित पाऱ्यो। लालन महाशयको कुरो सुन्दा यसमा केही बढ़ता भएको वा बुट्टा भरिएको देखिंदैन। धेरैले यो पुस्तक पढिसकेपछि झगडा भइराखेको मुद्दा खारेज गऱ्यो। नालिश राखेर झगडा गर्न लागेकाहरूले पनि आफै भेटेर कुरो गरी झगडा छिन्यो। यदि मानिसहरूमा विवेक बुद्धि भए उनीहरूको लागि यो पुस्तक ठूलो औषधी झैं काम लाग्ने छ।

मैले हिन्दी भाषामा यो जतिको राम्रो किताब कुनै पनि देखेको छैन। आजभोलि पारस्परिक द्वेष, ईर्ष्या र कलहले गरेर वातावरण अशान्त भइराखेको बेलामा यस्ता पुस्तक साह्रै काम लाग्छ। यसरी विचार गरेर नै मैले यो पुस्तक हिन्दीमा लेख्ने प्रयत्न गरें। गुजरातीमा जसरी लेखेको हो, त्यस्तै नगरीकन आफ्नै तरिकाले उपन्यासको रूपमा लेखिदिएँ। मलाई विश्वास छ कि आजभोलिका पाठकहरूलाई बढी मन पर्नेछ।

Downloaded from http://dhamma.digital

हुन त यो एक बौद्ध कथा हो; तैपनि यसमा हाम्रो धार्मिक विश्वाससंग नमिल्ने केही छैन। दुःखीप्रति दया राख्नु, प्राणी मात्रलाई आफ्नो बन्धु सम्झनु। जुन समाजको सेवा गर्नु, आफूलाई अहित हुने काम गर्नेलाई पनि हित गरिदिनु– यी सबै जम्मै धर्मको दृष्टिमा पनि राम्रै छ। यो पुस्तकले यस्तै शिक्षा दिइराखेको छ। यसमा जुन केही कर्म सिद्धान्त भएको छ, त्यो पनि केही फरक पारेर जैन, सनातन, आर्य समाजी आदि सबैले मान्दै आएको छ। त्यसैले यो पुस्तक बौद्ध विद्वान्ले लेखेको भए तापनि सबै धर्मावलम्बीहरूले पढ्न योग्य र धारणीय छ।

—नाथुराम प्रेमी

चन्दावादी,
बम्बई
नोभेम्बर १९१८ ई.

Downloaded from http://dhamma.digital

# एक

आज म पाठकवर्गहरूलाई त्यस वेलाको कुरो सुनाउँदैछु जुन वेला कि भारतवर्ष उन्नतिको शिखरमा पुगेको थियो र जनता धेरै खुशी एवं आनन्दित थिए। त्यस वेलाका मान्छेहरू सबैजसो स्वाधीन, सुखी, सदाचारी तथा शान्त थिए; धनी गण्यमाण्यहरू उद्योगी एवं ज्ञानी थिए; त्यति मात्रै होइन, विदेशीहरूको अगाडि क्षमा, दया, परोपकार आदि सद्गुण-हरूको आदर्श बनेका थिए। त्यस वेला यहाँका व्यापारीहरू टाढा टाढाका देश एवं द्विपहरूमा व्यापार गर्न जान्थे, त्यस्तै कैयौं विदेशी व्यापारीहरू पनि भारतका मुख्य मुख्य शहर-हरूमा देखिन्थे। आजभोलिका कलकत्ता र बम्बई जस्ता उन्नत शहरहरू त्यति वेला थुप्रै थिए। त्यसैले व्यापार क्षेत्रमा प्रशस्त चहलपहल थियो। स-साना शहर एवं गाउँहरूको व्यवस्था पनि राम्रो थियो। जनजीवन धेरै सुखी र शान्त थियो।

बौद्ध धर्मको प्रचार भइरहेको समय थियो। सबैजसो ठाउँहरूमा भगवान् बुद्धका पवित्रता, शान्ति र दयाले भरेको शिक्षाको संगीत फैलिरहेको थियो। ठूला-ठूला राजा महा-राजाहरू र धनी महाजनहरू बुद्ध धर्म प्रचार गर्नमा दृढ चित्त

Downloaded from http://dhamma.digital

भई लागिरहेका थिए । हजारौं बौद्ध श्रमणहरू (भिक्षुहरू) सबैजसो ठाउँहरूमा देखिन्थे ।

वाराणसीतिर गइरहेको घोडेटो बाटोमा एउटा बग्गी दौडिरहेको थियो । घोडाहरू बेस्सरी दौड्दै थिए । त्यस बग्गीमा जम्मा दुई जना मात्रै मान्छेहरू थिए– एक जना बग्गीको मालिक र अर्को नोकर । मालिकको वस्त्र हेर्दा ऊ एक धनी व्यापारी जस्तो देखिन्थ्यो । अनुहार हेर्दा ऊ गन्तव्य ठाउँमा पुग्न हतार देखिन्थ्यो ।

भरखरै मात्रै घनघोर पानी परेको हुँदा चिसो बतास चलिरहेको थियो । बादल हटेकोले घाम लाग्यो । त्यसले गर्दा दिन धेरै रमाइलो लागिरहेको थियो । रूखका पातहरू पानी परेकोले सफा थिए र साथै हावाको संगसंगै चञ्चलपन देखाइरहेको थियो । प्रकृतिले एक अनौठो शोभा प्रदर्शित गर्दै थियो ।

अगाडि उकालो चढ्नु परेकोले घोडा बिस्तारै गइरहेको वेला धनी साहुले बाटोको एकातिर लागेर एक जना श्रमण (भिक्षु) हिंडिरहेको देखे । उसको अनुहारमा शान्ति, पवित्रता र गम्भीरपन झल्किन्थ्यो । उसलाई देख्नासाथै सेठको मनमा श्रद्धा उत्पन्न भयो । उसले विचार गऱ्यो, "अहा ! यो व्यक्ति त हेर्दाखेरि नै एक ठूलो महापुरुष, पवित्रताको मूर्ति र धर्मको अवतार देखिन्छ । सज्जनहरूको संगतलाई विद्वान्-हरूले पारसमणीसंग तुलना गरेको छ । जसरी पारसको

Downloaded from http://dhamma.digital

संयोगले फलाम पनि सुन बन्दछ, त्यसरी नै सज्जनहरूको समागमले भाग्यहीनहरू पनि सुलक्षणी एवं भाग्यवान् बन्दछन् । यदि यो भिक्षु पनि बनारस जाने भए र मेरो बग्गीमा बसिदिनु भए बेश हुनेछ । अनि यो भिक्षुको सत्संग गर्न पाइने छ जसले गर्दा म अवश्य लाभान्वित हुनेछु ।" यसरी विचार गरेर उक्त सेठले श्रमण महात्मालाई प्रणाम गर्‍यो र अनि बग्गीमा बस्नुहुन प्रार्थना गर्‍यो । उक्त भिक्षुलाई पनि बनारसमै जानु परेको हुनाले उहाँ बग्गीमै बस्नुभयो र भन्नुभयो, "तपाईंले मलाई ठूलो उपकार गर्नु भयो । यसको लागि म कृतज्ञ भएँ । टाढादेखि नै हिंडेर आइराखेकोले धेरै थाकिराखेको छ । तपाईंलाई थाहा छँदैछ कि भिक्षुहरूसंग यस्ता केही वस्तु हुँदैनन् जुन दिएर तपाईंको उपकारको ऋण तिर्न सकोस् । त्यसो भए तापनि महापुरुष भगवान् बुद्धका उपदेश र शिक्षाका भण्डारमा संचित कुनै कुरो तपाईंलाई मन परेको भए त्यही दिएर तपाईंको उपकारको ऋण तिर्नेछु ।"

सेठ खुसी भयो । बाटोभरी आनन्दपूर्वक समय बित्दै गयो । श्रमणको अमूल्य रत्नरुपी उपदेशलाई अगाढ श्रद्धा राखी मनन गरेर लियो । बग्गी दौड्दै थियो । एक घण्टा-भन्दा बढी बितिसकेपछि एउटा हिले गल्लीमा पुग्यो जहाँ एउटा अर्को गाडा रोकी राखेकोले बाटो बन्द थियो ।

त्यो गाडा देवल नाम गरेको एक जना किसानको

Downloaded from http://dhamma.digital

रहेछ । त्यो किसानलाई पनि गाडाभरि चामल लिएर चाँडै नै बनारस पुग्नु परेको रहेछ । गाडाको धुरीमा रहेको एक किला खुस्कनाले पांग्रा (चक्का) फुस्केछ । देवल एक्लै रहेछ । त्यसैले जतिसुकै प्रयास गरे तापनि उसले चक्कालाई गाडासंग जोड्न सकेन ।

यतापट्टि त्यो किसानको गाडालाई नहटाइकन आफू जान नसक्ने देखेर सेठलाई रिस उठ्यो । उसले आफ्नो नोकरलाई अह्रायो, 'तँ गएर त्यो किसानको चामल जम्मै मिल्काएर गाडालाई एकातिर पंछ्याइदे, बग्गीलाई अगाडि बढाऊ ।"

किसानले कोमल स्वरले अनुरोध गरे, "साहुजी ! म एक गरीब किसान हुँ । पानी परेकोले बाटोमा हिलो छ । मेरो चामलको पोको भुइँमा फालिदिनु भयो भने चामल बिग्रने छ । तपाई एकैछिन पर्खनोस्, म तुरुन्तै गाडालाई ठीक गर्दछु, अनि यो साँघुरो ठाउँबाट पर लगी तपाईलाई बाटो छाडिदिन्छु ।" तर सेठले त्यो गरीबको प्रार्थनालाई वास्तै गरेन । उसले रिसाएर आफ्नो नोकरलाई भन्यो– "के हेरि-राखेको ? मैले भनेको जस्तो गरेर चाँडै बग्गीलाई अगाडि बढाऊ ।" नोकरले सेठको आज्ञानुसार तुरुन्त चामलको पोकालाई फालेर किसानको गाडालाई एकातिर पंछ्याएर सेठको बग्गी अगाडि बढ्यो ।

धिक्कार ! यो संसारमा गरीबलाई मद्दत दिने कोही

Downloaded from http://dhamma.digital

छैन । आफ्नो कुनै स्वार्थको लागि अरूको सर्वश्व नष्ट गर्ने धन कुबेरहरू त्यो वेलामा पनि कम थिएन । गरीबको रक्षकको साटो भक्षक हुने धनीवर्ग यस संसारमा कहिल्यै खाली भएको छैन, शायद भविष्यमा पनि हुँदैन होला । तर यो अवश्य हो कि त्यो वेला भिक्षुहरूको दयामती हात गरीबहरूलाई सहयोग र मद्दत दिन तत्पर थिए । उहाँहरू धार्मिक विवादबाट टाढा थिए । सदैव मानव मात्रको हित गर्नमा ध्यान दिन्थे । उहाँ-हरूले आफ्ना शरीर, वचन र मनलाई परोपकार गर्नमा लगाइराखेको थियो ।

सेठको बग्गी अगाडि बढाउनासाथ श्रमण (भिक्षु) नारद बग्गीबाट उफ्रेर तल ओर्लिए, अनि भने– "सेठ ! माफ गर्नोस् अब तपाईंसंग आउन सक्दिन । आफ्नो विवेक बुद्धिले तपाईंले मलाई यहाँसम्म बग्गीमा राखेर ल्याउनु भयो, यसले गरेर मेरो थकाइ मेटचो । मेरो तपाईंहरूसंगै जाने इच्छा त छ, तर तपाईंले जुन किसानको गाडालाई पल्टाएर एकातिर पछचाएर आफू अगाडि बढ्नु भयो त्यो किसान तपाईंको आफ्नै नाता पर्ने हो । तपाईंकै पूर्वजन्मको अवतार सम्झँदै छु । त्यसैले जुन तपाईंले मलाई बग्गीमा राखेर उपकार गर्नु भयो त्यसको बदला तपाईंको नाता पर्ने त्यो किसानलाई मद्दत दिएर तिर्नेछु । यस कामले उनलाई केही लाभ भएमा तपाईंलाई पनि लाभ हुनेछ, फाइदा हुनेछ । त्यो किसानको भाग्यसंगै तपाईंको पनि शुभ हुने सम्बन्ध छ ।

Downloaded from http://dhamma.digital

तपाईंले त्यो किसानलाई धेरै दुःख दिनु भयो । मेरो विचारमा यसले गरेर तपाईंलाई धेरै नोक्सान भयो । त्यसैले यो मेरो कर्तव्य हो कि तपाईंलाई अहित हुने र अलाभ हुने कामबाट बचाउनको लागि मैले सकेजति त्यो असरण किसानलाई मद्दत दिउँ ।"

सेठले श्रमण (भिक्षु) को भित्री हृदयदेखिको दयामयी कुरोलाई वास्ता गरेन, ध्यान दिएन । त्यो सेठले विचार गऱ्यो कि यो श्रमण अति नै धर्मात्मा भयो । त्यसैले उसले किसानलाई उपकार गर्न लागेको । त्यहाँबाट सेठ सरासर अगाडि बढ्यो ।

---

# दुई

श्रमण नारद किसानकहाँ गएर दुःख–सुखको कुरा गर्दै पोखेको चामल जम्मै बटुलिदिए र बिग्रेको गाडा पनि मिलाईदिए । दुवैको परिश्रम (उत्साह) ले काम चाँडै सकियो । किसानले विचार गऱ्यो, "साँच्चै नै यो भिक्षु त एक ठूलो परोपकारी महात्मा हुनुहुन्छ । कस्तो आश्चर्य ! मेरो भाग्यले एक अदृश्य देउता नै श्रमणको भेषमा आएर मलाई मद्दत गर्न आएको जस्तो छ ! मेरो काम पनि कति चाँडै सकियो । मलाई नै आश्चर्य लाग्छ ।" उसले डराउँदै

Downloaded from http://dhamma.digital

सोध्यो, "श्रमण महाराज ! जहाँसम्म मलाई लाग्छ मैले त्यो सेठको केही बिगारेको छैन, कसैले उसलाई बिगारेको छैन, तैपनि उसले मलाई किन अन्याय गरेको ? यसको कुनै कारण होला कि ?"

श्रमणले भने–"दाजु, अहिले तपाईंले जुन भोग गरिराख्नु भएको छ त्यो सबै तपाईंले गरिराखेको पूर्वकर्मको फल हो । पहिले जुन बीउ रोप्नु भएको थियो, त्यसैको फल तपाईंले भोग्दै हुनुहुन्छ ।"

किसानले सोध्यो– "के हो कर्म भनेको ?"

श्रमणले भने– "सोझै भन्ने हो भने मान्छेका काम नै उसको कर्म हो । मान्छेको कर्म पूर्वजन्ममा गरिराखेको कर्मको एक सम्बन्धी हो । यो सम्बन्ध मनको स्वभाव जुन अनेक प्रकारका कर्म छन् तिनीहरू वर्तमान क्रिया र विचारले धेरै बदल्न सक्छन् । हामी सबैले पहिले जुन असल र खराब काम गरेका हुन्, त्यसको फल अहिले हामीले भोग्दैछौं । फेरि अहिले जुन हामीले काम गरिरहेका छौं, त्यसको फल पछि भोग्नु पर्नेछ ।"

किसानले भन्यो– "तपाईंले भन्नु भएको ठीकै हुन सक्दछ । तर त्यस्ता घमण्डी र दुष्टले हामी जस्ता असरण गरीबहरूलाई यसरी बिनाकारण दुःख कष्ट दिई अन्याय गर्दैछन्, यसको लागि हामीले के गर्नु पर्ला ?"

श्रमणले भने– "दाजु, मैले हेर्दा तपाईंको विचार पनि

Downloaded from http://dhamma.digital

उही सेठको जस्तै भयो (तिमी र सेठमा फरक देखिदैन)। जुन कर्मले ऊ आज महाजन बन्यो र तिमी किसान बन्यौ, यद्यपि बाहिरबाट हेर्दा कर्मफलमा धेरै फरक देखिन्छ तर भित्रको ज्ञानले हेर्दा त्यतिको फरक छैन। जहाँसम्म मलाई मानिसको मानसिक विचारको बारेमा ज्ञान छ वा अनुभव छ त्यसको अनुसार म भन्न सक्दछु कि यदि तिमी पनि सेठ भएको भए वा उसको ठाउँमा तिमी भए तिमीसंग पनि उसको जस्तै एक वरिष्ठ नोकर हुने थियो होला, अनि फेरि जसरी तिम्रो गाडाले उसको बाटो छेकेको थियो त्यस्तै उसको गाडाले पनि तिम्रो बाटो छेकिदिएको भए तिमीले पनि उसले जस्तै नगरी छाड्दैनथ्यो। उसको चामल पनि यताउति छरिदिने थियौ, त्यसो गरेर पनि तिमीलाई कत्ति पनि चित्त दुख्दैनथ्यो। त्यस वेला तिमीले यो विचार गर्दैनौ कि कसैलाई बिगार्दैमा आफूलाई भलो हुँदैन।"

किसानले भन्यो– "भन्ते ! तपाईंले साँचो कुरो बोल्नु भयो। म पनि धनी भएको भए ऊभन्दा कम हुने थिइन। तर तपाईंले विनाकारणले भलो गर्नु भयो, तपाईंले मलाई निस्वार्थ भावले उपकार गर्नु भयो। मेरो माल बिग्रनबाट बचाउनु भयो; फेरि मेरो बिग्रिराखेको गाडा बनाउन पनि मद्दत गरेर बाटोमा राख्न ल्याउनु भयो। तपाईंको यो सहयोग देखेर मेरो पनि मनमा उठ्यो कि मैले पनि आफ्ना छरछिमेकीलाई केही सहयोग दिएर राम्रो व्यवहार गरेर

Downloaded from http://dhamma.digital

देखाउँछु अनि आफ्नो शक्ति अनुसार उनीहरूको भलो हुने काममा लाग्दछु ।"

गाडा तयार भएकोले किसानले आफ्नो बाटो तताए । अलि पर पुग्नासाथै उसका गाडा तानिरहेका दुवै बैलहरू भस्कयो । किसान पनि डराएर चिच्यायो, "अहो ! अगाडि त कति डरलाग्दो साँप बसिरहेको !" भिक्षुले ध्यानपूर्वक हेर्दा त पैसाको थैलो भुण्डिएको कमरपेटी पो रै छ । उहाँ गाडाबाट ओर्लेर हातमा लिएर हेर्दा त पैसाले भरेको थैलो भुण्डिएको पेटी रहेछ । त्यो पैसाको थैलो पक्कै पनि त्यो सेठको हुनुपर्दछ भन्ने उहाँलाई विश्वास भयो । त्यो पैसाको थैलो लिएर किसानको हातमा राख्दै उहाँले भन्नुभयो– "तिमी बनारस पुग्नासाथै यो पैसाको थैलो सेठको घर खोजेर उसलाई दिनु । त्यो सेठको नाम हो पाण्डु र उसको नोकरको नाम महादत्त हो । यति गरिसकेपछि उसले जुन तिमीलाई भर्खर गरेर गएको कुकर्म हो त्यो अन्यायी कर्मको पश्चाताप उसलाई हुनेछ । यो दिइसकेपछि यो पनि भन्नु– तपाईंले मलाई जुन अभद्र व्यवहार गर्नुभयो त्यो सबै बिर्सेर मैले क्षमा गरें । यो पनि मेरो शुभकामना छ कि तपाईंको व्यापार फलोस् फुलोस् ।" भिक्षुले फेरि भन्नुभयो, "तिम्रो भाग्य नै उसको व्यापार राम्रो हुनुमा निर्भर छ, त्यसैले मैले यो कुरा तिमीलाई भनेको हुँ जति जति उसको व्यापारमा उन्नति हुन्छ त्यति त्यति नै तिम्रो भाग्य पनि खुल्ने छ ।"

Downloaded from http://dhamma.digital

त्यसपछि परोपकारको मूर्ति तथा दूरदर्शी श्रमणले यही विचार गरिराखे कि यदि त्यो धनी सेठ मकहाँ आएमा मैले सकेजति उसलाई उपकार गरिदिने छु। उपदेश दिएर उसलाई साँचो अर्थमा मान्छे बनाइ दिनेछु।

---

## तीन

बनारसमा मल्लिक भन्ने एक जना व्यापारी रहेछ। ऊ पाण्डु सेठको ठेकेदार साथी रहेछ। पाण्डु सेठको घर गएर मल्लिक बेस्सरी रूँदै भन्यो, "मित्र ! म ठूलो आपतमा परेछु। अब म तिमीसंग व्यापार गर्न सकुँला भन्ने आशा छैन। मैले राजालाई असल चामल दिन्छु भनी ठेका लिएको छु। भोलि त चामल पुऱ्याउनु पर्ने भइसक्यो। भोलि बिहान सबेरै मैले त्यहाँ चामल नपुऱ्याई हुँदैन। तर के गर्ने ? मसंग एक गेडा चामल छैन। कतैबाट पाउने बाटो पनि छैन। किनकि यहाँ एक जना बलियो व्यापारी शत्रु (प्रतिद्वन्दी) छ। मैले राजालाई चामल दिने ठेक्का लिएको उसले चाल पाएछ। त्यसैले उसले बढी पैसा तिरेर यहाँका गाउँ र शहरमा भएको चामल जम्मै आफूले किनिसक्यो। राजाको खाद्य भण्डारीलाई पनि घूस ख्वाइराखेको जस्तो छ। त्यसैले भोलि मलाई शुभ हुने छैन। मेरो इज्जत जाने भयो।

Downloaded from http://dhamma.digital

भाग्यले मलाई सहायता दिएर अर्को एक गाडा भरि चामल कहींबाट आइपुगेमा मेरो बच्ने आशा छ, नत्र म त मर्ने भएँ ।" मल्लिकले यसरी दुःखको कुरो सुनाउँदै थियो, पाण्डु सेठलाई आफ्नो पैसाको थैलोको सम्झना भयो । उसले हडबडाएर चारैतिर खोज्न सुरु गऱ्यो । सन्दुस, बग्गी आदि जम्मै ठाउँमा खोज तलाश गर्दा पनि पैसाको थैलो भेट्टाएन । मेरो नोकर महादत्तले नै पैसाको थैलो लिएको हुनु पर्दछ भनी साहुलाई शङ्का लाग्यो । अनि के चाहिन्छ र, साहुले पुलिस बोलाएर पक्रन लगायो । (साहुले भनिसकेपछि कहाँ बच्छ र ?) चोरेर लिएको हुँ भन्ने स्वीकार गर्न लगाउनलाई यमदूत जस्तै डरलाग्दा पुलिसहरूले महादत्तलाई सास्ति गर्न थाले । सहनै नसक्ने गरिकन कुटे । ऊ वेदनाले छट्पटिंदै रोएर भने, "म निर्दोष छु, मैले पैसाको थैलो चोरेको छैन । मलाई छाडिदेऊ, मलाई माफ गर, मैले सहन सकिन, अय्या बाबा ! अहो ! मर्न लागें ! म गरीबलाई दया गर । मैले चोरेको छैन । मैले पहिले कुन पाप गरेकोले यो सास्ति खानु पऱ्यो ! के गरेर आएको पापले यो दुःख भोग्नु पऱ्यो ! साहुको कुरो सुनेर मैले त्यो किसानलाई सास्ति गरेको थिएँ, अवश्यै पनि त्यही पापको फल भोग्नु परेको होला । विना-कारण मैले किसानलाई दुःख दिएँ– मलाई माफ गर । सत्य पनि उसलाई सास्ती गरेको पापले अहिले यो दुःख भोग्नु पऱ्यो ।"

Downloaded from http://dhamma.digital

महादत्तले पश्चाताप गरे तापनि पुलिसले ध्यान दिएन, वास्ता नगरीकन दया नराखीकन पिट्दै गरे। त्यति नै बेला देवल किसान त्यहाँ टुप्लुक्क आइपुग्यो। सबैलाई चकित पार्दै उसले हराइराखेको पैसाको थैलो पाण्डु सेठको अगाडि राखिदियो। सेठलाई क्षमा पनि दियो र साथै शुभकामना पनि ।

महादत्तलाई छाडिदियो । आफ्नो मालिक देखी धेरै रीस उठ्यो उसलाई। एकछिन पनि त्यहाँ नबसी बेपत्ता हुने गरी बाटो ततायो।

उता मल्लिकले थाहा पायो कि देवलले एक गाडा असल चामल ल्याएको छ भनेर। ऊ तुरुन्त त्यहाँ गई देवलले भने जति दाम तिरेर चामल किन्यो। अनि आफूले कबुल गरे जस्तै ठेक्का लिइराखेको चामल राजाकहाँ समयमै पुऱ्याइदियो। देवलले सपनामा पनि यति पैसा पाउँछु भन्ने सोचेको थिएन। आफूले चिताएको भन्दा बढी पैसा लिएर चामल बेचेर आफ्नो घर फर्क्यो।

पाण्डु सेठ पनि आफ्नो साथीको विपत्ति हटेको र आफ्नो हराएको पैसाको थैलो पनि पाएकोमा खुब खुसी भयो। उसले विचार गऱ्यो कि "त्यो किसान यहाँ नआएको भए न मित्र मल्लिकको दुःख पीर हट्ने थियो न मेरो हराएको पैसाको थैलो नै फेला पर्ने थियो। त्यो किसान त धेरै इमान्दार र असल रहेछ। मैले त्यतिको दुःख दिंदा पनि झन् उल्टो

Downloaded from http://dhamma.digital

उसले मलाई उपकार गऱ्यो । कस्तो अचम्म ! त्यस्ता साधारण अनपढ किसानले यस्तो गुण र सदाचार कसरी सिक्यो ? त्यही श्रमण महात्माको प्रभाव वा आशीर्वाद नै हुनु पर्दछ । फलामलाई सुन बनाउने शक्ति पारसमा बाहेक अरू केमा हुन्छ र ?" यसो विचार गरिरहेको सेठलाई श्रमण नारद भेट्ने ठूलो रहर लाग्यो । उनी तुरुन्तै गएर बौद्ध भिक्षुहरू बस्ने विहारहरूमा खोज तलास गर्दै नारद भिक्षुलाई भेट्न गए ।

कुशलकर्मको प्रश्न सकेपछि श्रमण नारदले भने– "सेठजी ! तपाईंसंग कर्मफलको कुरो राम्ररी बुझिलिने शक्ति छैन । यो अति गम्भीर र बुझ्न गाह्रो विषय छ । साधारण मानिसहरूले यो कर्मफलको कुरो बुझ्न सक्दैनन् । पछि तपाईंको बुद्धि विकास भएमा, बुझ्न इच्छा भएमा आफैंले बुझ्न सक्नुहुनेछ । तैपनि अहिलेलाई मेरो यो सानो कुरो एउटा सुन्नुहोस् कि जहिले तपाईं अरूलाई दुःख दिने विचार गर्नुहुन्छ, त्यति वेला आफैंले आफूलाई एकपल्ट अवश्यै प्रश्न गर्नुस् कि यसरी नै कसैले तपाईंलाई दुःख दिए आफूलाई मन पर्छ कि पर्दैन । सुख हुन्छ कि हुँदैन । यो प्रश्नको उत्तरमा यदि कसैले मलाई यसरी दुःख दिएमा मैले सहन सक्दिन भन्ने लागेमा आफूले अरूलाई दुःख दिन मन लागेको बेलामा आफ्नो मनलाई अथक प्रयासले दमन गर्नु बेस होला । फेरि जसरी अरूले तपाईंलाई सेवा गर्दा तपाईं खुसी हुनुहुन्छ

Downloaded from http://dhamma.digital

त्यस्तै तपाईंले पनि अरूलाई केही सेवा पुऱ्याइदिएमा अरू पनि खुसी हुन्छन् । यो कुरामा विश्वास छ भने तपाईंले पनि अरूलाई उपकार र सेवा गर्ने मौका छाड्नु हुँदैन । यो कुरोलाई विश्वास गर्नुस् कि आज हामीले जुन असल बीउ रोप्ने छौं, पछि अवश्यै हामीले त्यसको असल फल खान पाउने छौं ।"

हिराको व्यापारी पाण्ड् सेठले भन्यो, "भन्ते ! मलाई अलि विस्तृत रूपले बुझाइदिने कृपा गर्नोस्, अनि मैले तपाईंको उपदेश व्यवहारमा प्रयोग गर्न सकुँला ।"

श्रमणले भने, "त्यसो भए राम्रोसंग सुन्नुस्, म तपाईं-लाई कर्मभेदको साँचो दिन्छु । तपाईं र मेरो बीचमा एक पर्दा छ । त्यसलाई माया भनिन्छ त्यसैले गरेर मान्छेले पाप के हो देख्न सकेको छैन । तपाईंको आँखा अगाडि पनि यही मायारूपी पर्दा छ । यसैले गरेर तपाईंले देख्न सकेको छैन, बुझ्न सकेको छैन कि तपाईंको मानिस जातिसंग के के सम्बन्ध छ भनेर । साँच्चै भनौं भने यसको सम्बन्ध तपाईंको शरीरका विभिन्न अंगहरूको भन्दा पनि घनिष्ट छ । तपाईंको जीवनको सम्बन्ध अरूको जीवनसंग जति छ त्यति नै अरूको जीवनको सम्बन्ध तपाईंको जीवनसंग छ । यो सम्बन्ध धेरै बलियो छ । यो सत्यलाई बुझ्ने मानिसहरू यो संसारमा औंलामा गन्न सकिन्छ । यो सत्यलाई बुझिलिनु नै मनुष्य जीवनको कर्तव्य हो । यो सत्य ज्ञान प्राप्त गर्ने केही मन्त्र म भन्छु ।

Downloaded from http://dhamma.digital

यी तपाईंले आफ्नो हृदयमा अङ्कित गर्नुस्–

१) जसले अरूलाई दुःख दिन्छ उसले आफूले आफैलाई दुःख दिने बीउ रोपेको हुन्छ ।

२) जसले अरूलाई सुख दिन्छ उसले आफ्नो मनमा आफूलाई सुख हुने बीउ रोपेको हुन्छ ।

३) यो एक ठूलो भ्रम हो कि मेरो जाति र नाता कुटुम्बसंग मेरो केही सम्बन्ध छैन ।

यी तीन मन्त्र बुझेर अभ्यास गर्दै लगेमा तपाईं सत्यको मार्गमा पुग्नुहुनेछ ।"

पाण्डुले भन्यो, "पूज्य श्रमण महाराज ! तपाईंको वचनको अर्थ धेरै गम्भीर छ बहुमूल्य छ । मैले यी वचनहरू हृदयमा अङ्कित गरिसकें । म बनारस आइराखेको वेला तपाईंलाई केही उपकार गरेको थिएँ, जुन कि एक पैसा पनि खर्च नहुने काम हो, तर आज मलाई त्यसको बदला यत्रो ठूलो लाभ भयो यो देखेर मलाई आश्चर्य लाग्छ । भन्ते ! म तपाईंप्रति धेरै कृतज्ञ भएँ, ऋणी भएँ । यदि मेरो त्यो पैसाको थैलो नपाएको भए मैले यहाँ केही पनि व्यापार गर्न नसकिने थियो, न त व्यापारीको तर्फबाट नै मलाई धेरै लाभ हुने थियो । धन्य तपाईंको विवेकबुद्धि र दूरदर्शिता ! यदि तपाईंले त्यो असरण किसानलाई सहायता नदिएको भए ऊ यहाँ चाँडै पुग्ने थिएन, अनि मेरो मित्र मल्लिकको इज्जत मात्रै जाने होइन ज्यान पनि गुमाउनु पर्ने थियो । तपाईंले

Downloaded from http://dhamma.digital

दु:खको इनारमा खस्न लागेकोलाई बचाउनु भयो र साथै मेरो नोकरलाई पनि रक्षा गर्नु भयो । भन्ते जसरी तपाईंले सत्यलाई देख्नु भयो त्यसरी नै यदि सबैले देखेको भए यो संसार कति सुखी हुने थियो होला । कतिपय पापका मार्ग बन्द भएर पुण्यका मार्ग खुल्थे होला । मैले यो निश्चय गरिसकें कि भगवान् बुद्धको दयामयी धर्म प्रचार गर्न हाम्रो कौशाम्बी नगरमा एउटा विहार बनाइ दिनेछु । अनि त्यसमा तपाईं र तपाईं जस्ता श्रमण भिक्षुहरू बसेर मानिसहरूलाई सुमार्ग देखाउनुहुनेछ ।"

———

## चार

कौशाम्बीमा हिराको व्यापारी पाण्डुको 'विहार' बनिसक्यो । त्यहाँ सैयौं विद्वान् एवं दयामूर्ति भिक्षुहरू बस्नु भैसक्यो । धेरै वर्ष नबित्दैमा नै त्यो विहारको नाउँ प्रसिद्ध भयो । टाढा टाढादेखि धर्मप्रेमीहरू त्यहाँ उपदेश सुन्नलाई आउन थाले ।

पाण्डु सेठ एक प्रख्यात हिरामोती व्यापारी बन्यो । उसको कीर्ति प्रशंसा टाढा टाढासम्म फैलियो ।

कौशाम्बीकोसंगै एक राजाको राजधानी रहेछ । राजाले आफ्नो कोषाध्यक्षलाई आज्ञा गरे, "हिरामोतीको व्यापारी

Downloaded from http://dhamma.digital

पाण्डुलाई एउटा राम्रो असल सुनको श्रीपेच बनाउन लगाऊ जसमा कि थुप्रै अमुल्य हिरामोतीहरू जडिएका होओस् ।"
कोषाध्यक्षले तुरुन्तै राजाको आज्ञा पालन गरी पाण्डुलाई श्रीपेच बनाउन लगाए ।

श्रीपेच बन्यो । उक्त श्रीपेचको साथै थुप्रै अरू पनि हिरामोती र सुनचाँदीका गहनाहरू बोकेर पाण्डु राजधानी-तिर लागे । आफ्नो सुरक्षाको लागि २०-२५ जना सिपाहींहरू पनि साथै लगे । सिपाहींहरू वीर तथा बहादुर थिए । त्यसैले उनलाई विश्वास थियो कि ऊ विना केही बिघ्नबाधा आफ्नो गन्तव्य स्थानमा पुग्न सकिन्छ भनेर ।

पाण्डु सेठ आपना रक्षकहरू साथै एक जङ्गलबाट गइरहेको बेलामा दुईवटा पर्वतको बीचबाट ५०–६० जना शस्त्र अस्त्र बोकेका मान्छेहरूको एक बथान आएर उनीहरू-लाई लुट्न आए । सिपाहींहरूले बहादुरपूर्वक सामना गरे तर केही सीप लागेन । डांकाहरू सामान जम्मै लुटेर भागे ।

यसरी लुटाउनु परेकोले पाण्डुको व्यापार धेरै बिग्रयो । श्रीपेचको साथै अरू पनि गहनाहरू राजधानीमा बेच्न सकिन्छ भन्ने उसले आशा गरेको थियो । त्यसैले उसले आफ्नो सर्वस्व लगाएर विभिन्न किसिमका हिरामोतीका गहनाहरू बनाउन लगाएको थियो । तर अफसोच ! सर्वस्व नै डाँकाले लुटेकोले आफू मगन्ते भएर बस्नु पऱ्यो ।

पाण्डुको मनमा ठूलो चोट पऱ्यो; तर उसले 'यो मेरो

Downloaded from http://dhamma.digital

पूर्वकर्मको फल हो' भनी सोचेर चूप लागेर बसिराख्यो। आफू जवान र बलियो छँदाखेरि मैले धनको बलले अरूलाई धेरै कष्ट दिइसकें। अब मैले यो कुरो सजिलैसंग थाहा पाएँ कि जुन बीउ मैले रोपेको थिएँ त्यसैको फल मैले पाएँ। अनि पाण्डु सेठको हृदयमा दयाको मूल फुटेर आयो। दु:ख कसरी हुन्छ भन्ने उसले बुझ्यो। यसले गरेर सकल प्राणी उपर दया राख्ने भावनाको प्रवृद्धि भयो। उसको मन पूर्वकर्मको पश्चा-तापले दिनहुँ उज्ज्वल हुँदै आयो।

अब पाण्डुलाई आफ्नो निर्धनताबारे अलिकति पनि दु:ख थिएन। उसलाई यही मात्रै पीर थियो कि कसरी परोपकार गर्न सकिन्छ र कहिले श्रमणहरू बोलाएर उहाँ-हरूबाट धर्म प्रचार गराउन सकिन्छ।

---

# पाँच

कौशाम्बी नगरकोसंगै रहेको त्यही जङ्गलमा जुनमा कि पाण्डु सेठ लुटिएको थियो एक जना बौद्ध भिक्षु जाँदै थियो। ऊ आफ्नै तालमा हिड्दै थियो। उसंग एउटा भिक्षा-पात्र र एउटा पोको बाहेक अरू केही थिएन। त्यो पोकोमा हस्तलिखित पुस्तकहरू थिए। पुस्तकहरू पोको पारेको कपडा राम्रो र बहुमूल्य थियो। हेर्दाखेरि कुनै श्रद्धालु उपासकले

Downloaded from http://dhamma.digital

उहाँको उपदेश र पुस्तकको गौरवदेखि प्रभावित भएर कपडा दान दिएर ल्याएको हुनु पर्दछ । त्यो बहुमूल्य कपडा भिक्षुको लागि विपत्तिको जरो बन्यो । टाढैबाट देखेर डाँकाहरू भिक्षु-माथि जाइलागे । पोकोमा बहुमूल्य वस्तु हुनु पर्दछ भनेर लुटाहाहरूले सोचेको थियो; तर खोलेर हेर्दा उनीहरूलाई काम नलाग्ने वस्तु पो रहेछ । उनीहरू निराश भएर फर्के । फर्कंदा आफ्नो स्वभाव अनुसार हरेकले भिक्षुलाई एक एक लात दिएर गए ।

कुटिएको वेदनाले गर्दा भिक्षु रातभरि त्यहीं उतानो परिरहे । भोलिपल्ट बिहान बिस्तारै उठेर आफ्नो बाटो लागिरहेको बेला नजीकैको एक झाडीमा तलवार चलाइ-राखेको र 'अय्या अय्या' कराइराखेको आवाज सुनियो । त्यो भिक्षु नडराइकन झाडी नजीक गएर हेर्दा आफूलाई कुटेर दुःख दिएर जाने लुटेराहरूले आफ्नै दलको एक जना-लाई प्रहार गरिराखेको देखे । सास्ती खाइरहेको लुटाहा सबभन्दा बलियो उनीहरूकै सरदार जस्तो देखिन्थ्यो । जसरी शिकारी कुकुरहरूले घेरिएको सिंहले रिसाएर उनीहरूलाई झम्टन्छ र नाश गर्न खोज्दछ त्यस्तै नै सरदार चाहिंले अरूलाई प्रहार गरिराख्यो । कसैलाई पछारेर लात्तिले हानिराख्यो । कसैलाई तलवारले हानेर यमलोकतिर पुऱ्याइराख्यो कसैलाई लखेटेर फेरि फर्किराख्यो । यद्यपि उसको शक्ति असाधारण थियो, तर शत्रुहरूको संख्या यति बढी थियो कि उनीहरूको

Downloaded from http://dhamma.digital

अगाडि त्यो डाकुको सरदार टिक्न सकेन । उसको शरीरमा २० ठाउँमा जति चोट लागिसकेको थियो । अन्तमा उ मूर्दाझैं भुइँमा पछारियो । उ जमीनमा ढलिसकेपछि अरू डाँकुहरू त्यहाँबाट गई एक जङ्गलको झाडीमा बेपत्ता भए ।

यस लडाईमा १०–१२ जना डाँकुहरू मरिसकेका थिए । भिक्षु नजीक गएर एक एक जनालाई राम्ररी हेर्दा उही बहादुर चाहिं बाहेक अरू सबै मरिसकेका रहेछन् । भिक्षुको हृदय पग्ल्यो । मन रोयो । त्यो निरर्थक नरहत्या देखेर धेरै दु:ख लाग्यो । अनि त्यो भिक्षुले उक्त मरणासन्नमा पुगेकोलाई बचाउन प्रयत्न गरे । नजीकै पानीको झरना एउटा बगिरहेको थियो । त्यहाँ गएर आफ्नो पात्रभरि पानी ल्याई उसको आँखामा अलि अलि गरेर छर्किदिए । डाँकुले आँखा उघाऱ्यो र बर्वदै ल्यायो, "कहाँ गए ती नमकहरामी कुकुरहरू ! जसलाई मैले शयौंबार आफ्नो ज्यानको दांव लगाएर बचाइ-राखेको थिएँ । यदि म नभएको भए पहिले नै कुनै शिकारीको हातबाट ती कमजोर कुकुरहरूको प्राण गइसक्थ्यो होला । के उनीहरूले आज जम्मै गुण बिर्सिदिएको त ?"

भिक्षुले भने, "मित्र, अब तिमीले ती पापी साथीहरू-लाई नसम्झ । यो समय आपनो जीवनको बारे चिन्तन गर, आफैले आफूलाई चिन र सुधार हुन खोज । यो पात्रमा अलिकति पानी बाँकी छ, पानी खाऊ अनि तिम्रो घाउमा म औषधि लगाइदिन्छु, हुन्न ? यसले सायद तिम्रो जीवनज्योति

Downloaded from http://dhamma.digital

बल्ला कि ?"

डाँकु शक्तिहीन भइसकेको थियो । धेरै कमजोर भइसकेको थियो । उसले बल्ल तल्ल बोल्यो, "हिजो मैले आफ्ना साथीहरूसाथ मिलेर एक जना भिक्षुलाई कुटेको थिएँ । तपाईं उही भिक्षु त हुनुहुन्न ? के त तपाईंले मैले गरेको अन्यायको बदला उपकार गरेर दिन लाग्नु भएको त ? तपाईंले यो पानी किन ल्याउनु भएको ? तर अहिले तपाईंको प्रयत्न बुझ्न जम्मै व्यर्थ छ । भो मित्र, यो पानीले मेरो प्यास बुझ्न सक्ला, तर म बाँच्ने आशा छैन । ती कुकुरहरूले मलाई यति कुटेर गए कि अब म अवश्यै बाँच्ने छैन । ती कृतघ्नीहरूले मैले सिकाएको दावपेच आज ममाथि नै चलायो ।"

भिक्षुले भने, "मानिसहरूले जुन किसिमको बीउ रोप्छ त्यस्तै फल पाउँछ । यो साँच्चै शतप्रतिशत सत्य कुरो हो ! तिमीले साथीहरूलाई लुट्न र मार्न सिकाइदियौ, त्यसैले आज लुट्ने र मार्ने विद्या तिमीमाथि नै प्रयोग गरे । तिमीले उनीहरूलाई दया माया गर्ने शिक्षा दिएको भए आज उनीहरूले तिमीलाई पनि दया गर्ने थियो होला । माथि फालेको भकुण्डो जसरी फाल्नेमाथि नै फर्केर आउँछ त्यसरी नै अरूलाई गरेको सुकर्म र कुकर्म गर्नेको टाउकोमाथि नै पर्छ ।"

डाँकुले भन्यो, "यो कुरो सत्य हो, यसमा असत्य केही छैन । अब मलाई तपाईंले भन्नु भएको जम्मै कुरा ठीक लाग्न थाग्यो । बुझ्न थाल्यो । आज मेरो जुन दुर्गती भयो

Downloaded from http://dhamma.digital

त्यो ठीकै भयो । तर भन्ते, मेरो दुःखको अन्त कहिले हुन्छ ? मैले धेरै अन्याय र अत्याचार गरिसकें । ती जम्मै कुकर्मको फल जहिले भए पनि अवश्यै भोग्नु पर्नेछ । कृपा गरेर मलाई कुनै यस्तो उपाय भनिदिनुस् जसले गरेर मेरो पापको बोझ हलुङ्गो होओस् । यो पापरूपी बोझले मलाई यतिको थिचि-राखेको छ कि सासै फेर्न मुश्किल छ ।"

भिक्षुले भने, "मित्र, उपाय त सजिलो छ । आफ्नो पापको इच्छा र विचारलाई जरैदेखि उखेलेर फालिदेऊ । नराम्रो कल्पना नगर । प्राणीमात्रलाई दया राख्ने अभ्यास गर । आफ्ना दाजु–भाइ र साथीहरूलाई आफ्नो हृदयमा दयामयी घर बनाइदेऊ ।"

यति भनिसकेपछि भिक्षुले डाँकुको धाउमा पानीले धोएर हरियो पातको रस राखिदिए । डाँकु केही बेर शान्त बसी आराम लियो । एकछिन पछि उसले फेरि भन्यो, "भो करूणामय, मैले अहिलेसम्म खराब काम मात्रै गरें, कसैलाई हित हुने काम अहिलेसम्म गरेको छैन । म आफ्नो खराब इच्छाको जालमा आफै यति नराम्रोसंग अल्झिएँ कि त्यो जालबाट फुत्कन गाह्रो भो । मलाई मेरो कर्मले नै नरकतिर धकेलिराख्यो । अब म मोक्षमार्गमा जान सकुँला भन्ने आशा छैन ।"

भिक्षुले भने, "यसमा कुनै शङ्का छैन कि जस्तो बीउ रोपिन्छ त्यस्तै फल पाइन्छ । आफूले गरेको कर्मको फल

Downloaded from http://dhamma.digital

अवश्य भोग्नु पर्दछ । त्यसबाट बच्ने कुनै उपाय छैन । तैपनि उत्साह छाड्नु हुँदैन । तिम्रो मनमा जति जति दुष्टता कम हुँदै जान्छ त्यति त्यति शरीर सम्बन्धी ममत्व पनि कम हुँदै जान्छ, अनि यसको परिणाम यो हुन्छ कि तिम्रो लोभ चेतना नष्ट भएर जानेछ ।

ध्यान दिएर सुन । म तिमीलाई बोध हुने एउटा कथा भन्छु । यसबाट थाहा पाउने छौ कि आफ्नो हितको लागि अरूको हित गर्नुपर्छ र अरूको हित भए आफ्नो पनि हित हुनेछ ।

कदन्त भन्ने एक खुँखार डाँकु थियो । उसले आफूले गरेको दुष्टकर्मको प्रायश्चित नगरिकनै मऱ्यो । यसले गरेर उ नरकमा गएर दुःख भोग्न जानु पऱ्यो । आफूले गरेको कुकर्मको फल अनुसार दुःख भोग्नु पऱ्यो, तर दुःखको अन्त भएन । त्यसैवेला संसारमा भगवान् बुद्ध जन्मनु भयो । यस शुभ अवसरमा उहाँको करूणा रश्मि नरकसम्म पनि पुग्यो । 'अब त दुःखको अन्त हुन लाग्यो' भन्ने नरकगामीहरूलाई विश्वास भयो । यस रश्मिलाई देखेर कदन्त चिच्यायो, "हे भगवान्, दया गर्नोस्, ममाथि करूणा दृष्टि राख्नुस्, म यहाँ यति दुःख चक्रमा फँसेको छु कि बयानै गर्न सक्दिन । यदि म यस दुःखबाट मुक्त भएँ भने म अवश्यै सत्यमार्गमा लाग्नेछु । हे भगवान्, मलाई दुःखबाट मुक्त हुन मद्दत गर्नोस्, बाटो देखाइ दिनोस् ।"

Downloaded from http://dhamma.digital

"यो स्वभाव धर्म हो कि खराब काम गर्नेको भलो हुँदैन। पापकर्म नैतिक नियमलाई सुहाउँदैन वा मिल्दैन। त्यसैले कुकर्म गर्नेहरू धेरै टिक्न सक्दैन। उसको अवश्य नाश हुनेछ। तर असल कामले पछिसम्म भलो भैराख्छ अथवा सुकर्म गर्नेको जीवन सधैं राम्रो भइराख्छ। किनकि यो स्वभाव धर्म हो। अर्थात् पापकर्मले नाश हुन्छ, पुण्यकर्मले भलो हुन्छ।

जसरी एउटा बाजरा भन्ने बीउबाट हजारौं बिरुवा उम्रन्छ र पछि पनि असंख्य बिरुवाहरू उम्रिराख्छन् त्यसरी नै अलिकति असल कामले पनि हजारौं सुकर्म उत्पन्न हुन्छन्। यसरी परम्परा बस्दै गएपछि सधैं असल काम मात्रै देखा पर्नेछ। यस्ता सुकर्मले गर्दा जन्म जन्मान्तरसम्म दृढता प्राप्त हुनेछ। अनि अन्तमा बुद्ध भई निर्वाण प्राप्त गर्नेछ।

कदन्तको विलाप सुनेर करूणाको सागर बुद्धले भन्नु भयो, "के तिमीले कुनै प्राणीप्रति अलिकति भए पनि दया गरेका छौ ? जब तिमीमा चाँडै करूणा उत्पन्न हुनेछ अनि तिमीले दुःखबाट मुक्त हुने प्रयत्न गर्नेछौ। तर जबसम्म तिम्रो मनमा रहेको घमण्ड, क्रोध, छल, कपट, इर्ष्या र लोभ नष्ट हुँदैन, त्यति बेलासम्म तिमी सम्पूर्ण दुःखबाट मुक्त हुन सक्दैनौ।"

"कदन्त धेरै रिसाहा रहेछ, त्यसैले उ यो उपदेश सुनेर चुप लागिराख्यो। भगवान् बुद्ध सर्वज्ञ हुनुहुन्छ। उहाँले

Downloaded from http://dhamma.digital

कदन्तको पूर्वकर्म हत्केलामा रहेको अमला झैं प्रष्ट देख्नु भयो। उहाँले यो पनि देख्नु भो कि कदन्तले एकपल्ट अलिकति दयाभाव राखेको थियो। एकदिन एउटा जङ्गलबाट गइरहेको बेला अगाडि एउटा माकुरो देखेर विचार गरेको थियो कि यो माकुरोलाई कुल्चेर जानु हुँदैन किनकि यो निरपराधिनी निर्दोषी छ। अनि भगवान् बुद्धले कदन्तको दशा देखेर माया लागी एउटा माकुरोलाई जालोसंगै नरकमा पठाउनु भयो। माकुरोले कदन्तकहाँ गई भन्यो, "मेरो जालो समात, यही पक्रेर माथि चढ।" यति भनेर माकुरो लोप भयो। अनि कदन्तले धेरै प्रयास गरेर त्यही माकुरोको जालो पक्रेर माथि चढ्न सुरु गऱ्यो। सुरुमा त जालो बलियो, देखिन्थ्यो, तर पछि हुँदै कमजोर हुँदै गयो। कारण, नरकमा बस्ने अरू पनि कदन्तको पछि पछि त्यही जालो समात्दै चढ्दै थिए। कदन्त डरायो। उसले सोच्यो कि जालो लम्बिदै छ। यसले अवश्यै मेरो बोझ सह्याल्न सक्छ। अहिलेसम्म कदन्तले माथि मात्रै हेर्दै थियो, तर उसले तल पनि एकपल्ट यसो हेऱ्यो। जब उसले हूल हूल नरकगामीहरू आफ्नै माकुरोको जालोमा समात्दै उक्लिराखेको देख्यो, अनि उसलाई धेरै चिन्ता लाग्यो कि यिनीहरू सबैको बोझ कहाँ सह्याल्न सक्ला र? आत्तिएर ऊ तुरुन्तै चिच्यायो, "यो धागो मेरो हो, तिमीहरू सबैले यो धागो छाडिदेऊ।" अनि त, यी शब्द भन्ना-साथै माकुरोको जालो चुँडियो। कदन्त फेरि नरकमै खस्यो।

Downloaded from http://dhamma.digital

"कदन्तको शरीर माया र अहंभाव छुटेको थिएन। उसले आफू एक्लै मात्रै पार हुन खोज्यो, साँच्चैको सत्य-मार्गको ज्ञान पाएको थिएन। आध्यात्मिक उन्नतिले नै सिद्धिप्राप्त हुन्छ भन्ने उसले बुझेको थिएन। उसले हेर्दा माकुरोको जालो मसिनो थियो तर यतिको बलियो थियो कि हजारौं मान्छेलाई सह्याल्न सक्थ्यो। यति मात्रै होइन, त्यसको एक अर्को विशेषता यो थियो कि जति जति त्यसमाथि चढिन्थ्यो त्यति त्यति त्यसको भरोसामा चढ्नेले बढी मेहनत गर्नु पर्दैनथ्यो; तर जब मनमा यो भावना आउँथ्यो कि यो बाटो मेरै मात्र हो – सत्यमार्गमा गएको फल मैले मात्रै पाउनु पर्छ, त्यसमा अरूको भाग हुनुहुन्न, अनि चाहिं सुखको धागो चुँडिन्थ्यो र त्यो मान्छे तुरुन्तै स्वार्थको खाल्डोमा खस्थ्यो। स्वार्थता नै नरकबास हो अनि निस्वार्थी हुनु नै स्वर्गवास हो। हाम्रो मनमा रहेको जुन अभिमान र माया मोह हो, त्यही नरक हो।

भिक्षुको कथा सकिनासाथ मर्न लागेको डाँकुले भन्यो, "म पनि माकुरोको जालो समात्छु र भयङ्कर नरकको खाल्डोबाट फुत्कन सकेसम्म प्रयत्न गर्नेछु।"

---

## छ

केहीबेर चुप लागेर डाँकुले फेरि भन्यो, "पूज्य भन्ते सुन्नुहोस् मैले तपाईंको अगाडि आफ्नो पापको प्रायश्चित गर्न

लागेको छु । म पहिले कौशाम्बीको एक प्रसिद्ध हिरामोती व्यापारी पाण्डुकहाँ नोकर थिएँ । मेरो नाम महादत्त हो । एकपल्ट उसले मलाई धेरै अन्याय र अत्याचार गऱ्यो । त्यसैले मैले उसको नोकर छाडी डाँकुहरूको दलमा गई सरदार बन्न गएँ । केही दिनपछि मैले आपना जासूसहरूबाट यो सुनें कि पाण्डु व्यापारी थुप्रै हिरामोती लिएर यही जङ्गलबाट राजा-कहाँ जाँदैछ । सुनिराखेको जस्तै ऊ यहाँ आउनासाथ उसलाई पक्रेर कुटी उसको माल जम्मै लुटेर लिएँ । भन्ते अब तपाईं पाण्डु सेठकहाँ गई उसले गरेको अपराध जम्मै बिर्सिदिएँ, वैरभाव जरैदेखि उखेली फालिसकें, फेरि उसको धन लुटेकोमा पनि माफी माग्दैछु भनी मेरो तर्फबाट कृपा गरी भनिदिनोस् । त्यो सेठकहाँ म नोकर छँदाखेरि उसको मन पत्थरझैं कठोर थियो, त्यसैले म पनि उसको पछि लागेर त्यो जस्तै कठोर हृदयको बनें । त्यो साहुको विश्वास थियो कि संसारमा स्वार्थीको मात्रै जय हुन्छ, शुभ हुन्छ । तर मैले सुनें कि त्यो साहु अब धेरै धर्मात्मा र परोपकारी बनी अरूलाई हित हुने काममा संलग्न भइराखेको छ । त्यसैले मानिसहरूले उसलाई उपकारी र न्यायको अवतार मानिराख्यो । अहिले उसले त्यस्तो धन संचित गर्दैछ जुनकि न चोरले चोर्न सक्छ न नाश नै हुन्छ । म पनि अहिलेसम्म खराब काममा भुलिराखें, तर अबदेखि यस्ता पापकर्म गरेर अन्धकारतिर लाग्ने छैन । मेरो हृदय परिवर्तन भयो । अब मैले खराब इच्छालाई भित्रैदेखि

Downloaded from http://dhamma.digital

सफा गर्छु । अब मेरो मर्ने बेला आइसक्यो । यसैले मर्नु अघि सुकर्म गर्नु पर्‍यो, पुण्य कमाउनु पर्‍यो जसले कि मरिसकेपछि म सुगतिमा पर्ने छु । त्यसैले तपाईं चाँडै पाण्डु सेठकहाँ गई भन्नोस् कि उसको बहुमूल्य हिरामोती जडेको श्रीपेच र अरू पनि बहुमूल्य वस्तु सबै यहींको गुफामा गाडिराखेको छ, आएर लग्नोस् । यो कुरो मेरो विश्वासी साथीहरू दुईजना-लाई मात्रै थाहा थियो, अहिले उनीहरू दुवै मरिसक्यो ।

"यदि मबाट एउटै मात्रै राम्रो र न्यायपूर्ण काम भएमा पनि त्यसबाट मैले गरिराखेको पाप केही मात्रामा भए पनि कम हुनेछ, अनि मेरो मनमा रहेको धूलो (क्लेश) अलिकति भए पनि सफा हुन्छ । यसले गरेर मोक्षमार्गमा जानलाई उपयोगी हुनेछ, त्यसैले जति सक्यो उति चाँडै मर्न अगाडि असल काम गर्नु परेको छ ।"

त्यसपछि महादत्तले पाण्डु सेठको मालसामान लुकाइ-राखेको गुफाको ठेगाना सबै राम्रोसंग भनेर श्रमणलाई वन्दना गरेर प्राण छाड्यो ।

---

# सात

कौशाम्बी गई श्रमण महात्माले पाण्डु सेठलाई सबै कुरा सुनाइदिए । पाण्डु सेठले तुरुन्तै धेरै सिपाहींहरू साथ लिई गुफामा गई आफ्नो सबै माल हातमा पार्‍यो अनि पछि

Downloaded from http://dhamma.digital

डाँकुको सरदार महादत्त र अरू डाँकुहरूको मृत्यु संस्कार गरिदियो। त्यतिबेला महादत्तको लास जलाइरहेको ठाउँमा गई महादयावान् र गुणवान् भिक्षुले यसरी उपदेश दिए–

हामी सबैले जुन आफूले कुकर्म गर्छौं, त्यसको फल आफैंले नै भोग्नु पर्दछ। फेरि ती खराब बानीलाई हामी आफैले हटाउन सक्छौं, स्वयं शुद्ध हुन सक्छौं। अर्थात् शुद्ध हुनु र अशुद्ध हुनु आफ्नै हातमा छ अरू कसैले हामीलाई पवित्र पार्न सक्दैन, पापबाट मुक्त गर्न सक्दैन। हामी आफैले कोशिश गर्नु पर्दछ। यही नै भगवान् बुद्धको उपदेश हो।

"हाम्रो कर्म ब्रह्मा, विष्णु, ईश्वर वा अरू कुनै देवताले बनाएको होइन। ती जम्मै कर्म हामी आफैंले गरिराखेको कर्मको फल हो। आमाको गर्भमा जस्तै हामीले आफ्नै गर्भ-स्थानमा अवतार लिंदैछौं, अनि त्यही कर्मले हामीलाई चारैतिरबाट बाँधिराखेको छ। हामीले गरिराखेको कर्महरूमा खराब कर्म हाम्रो लागि कलङ्क नै भयो, अनि असल कर्म आशीर्वाद जस्तै हो। यसरी हामीले गरिराखेको कर्मको बीचमा नै निर्वाण प्राप्त गर्ने साँचो लुकिराखेको छ।"

पाण्डु सेठले आफ्नो धन सबै कौशाम्बी लग्यो र विवेक-पूर्वक उक्त धनको सदुपयोग गर्‍यो। आफ्नो व्यापारको क्षेत्र पनि बढायो। यसो गरेर बढी लाभ भएको धन जम्मै उदार हृदयले परोपकारको काममा खर्च गर्‍यो।

एकदिन ऊ मरणासन्नमा पुग्यो। त्यो बेला उसले आफ्ना

Downloaded from http://dhamma.digital

छोराछोरी र नाति पनातिलाई नजिक बोलाई भन्यो, "प्रिय सन्तानहरू, कहिल्यै पनि कुनै काम निराश भएर नछाड । यदि गरेको कुनै काममा सफलता प्राप्त भएन भने अरू कसैलाई दोष नदेऊ । आफ्नो असफलता र दुःखको कारण आफ्नै ढङ्ग र बुद्धि नभएकोले भएको हो भन्ने सम्झी गल्ती हटाउने प्रयत्न गर्नु पर्दछ । यदि तिमीहरूले आफ्नो अभिमान र अहंकारको पर्दा हटाउन सके दुःखको कारण तुरुन्तै पत्ता लाग्नेछ, अनि दुःखबाट मुक्त हुने मार्ग पनि देखा पर्नेछ । दुःख हटाउने उपाय पनि आफ्नै हातमा छ । तिमीहरूको आँखा अगाडि अविद्या र मायाको पर्दा नआवोस् । यसबारे सधैं होशियार रहनु पर्दछ । अनि जुन मलाई साँच्चै अनुभव भएको सत्य सिद्ध भएको वाक्य छ त्यो दिनहुँ सम्भिराख्न योग्य छ । ती वाक्य हुन्–

जसले अरूलाई दुःख दिन्छ उसले आफूले आफैलाई दुःख दिएको हुन्छ । अनि जसले अरूको भलो गर्छ, आफूलाई पनि भलो गरेको हुन्छ ।

अहंकारको पर्दा हट्नासाथ सजिलैसित सत्यमार्ग प्राप्त हुनेछ ।

"यदि तिमीहरूले मेरो यो वचन सम्भेर व्यवहारमा पनि लागू गर्ने अभ्यास गर्दै लगेमा मर्नलाग्दा पनि तिमीहरू सुगतिको छायामा पर्नेछ, अनि यसले गरेर तिमीहरूको जीवन अमर हुनेछ ।"

—–✱—–

Downloaded from http://dhamma.digital

# धर्मकीर्ति प्रकाशन

## (नेपाल भाषा)

| | |
|---|---|
| (१) बुद्धया झिनिगू विपाक | (३१) लक्ष्मी द्यो |
| (२) अभिधर्म भाग–१,२ | (३२) महास्वप्न जातक |
| (४) मैत्री भावना | (३३) बाखँया फल भाग–१,२ |
| (५) ऋद्धि प्रातिहार्य | (३५) जातक बाखँ |
| (६) योह्म म्ह्याय् | (३६) राहुलयात उपदेश |
| (७) पञ्चनीवरण | (३७) अहिंसाया विजय |
| (८) बुद्ध धर्म | (३८) प्रौढ बौद्ध कक्षा |
| (९) भावना | (३९) मूर्खह्म पासा मज्यू |
| (१०) एकताया ता:चा | (४०) बुद्धया अर्थनीति |
| (११) प्रेम छु ज्वी ? | (४१) श्रमण नारद |
| (१२) कर्तव्य | (४२) क्षान्ति व मैत्री |
| (१३) भिखा | (४३) उखानया बाखँ पुच: |
| (१४) बुद्धया अन्तिम यात्रा १, २ | (४४) पालि भाषा अवतरण–१ |
| (१६) त्रिरत्न गुण स्मरण | (४५) मत्ति भिंसा गति भिनी |
| (१७) परित्राण | (४६) बौद्ध ध्यान भाग–१, २ |
| (१८) कर्म | (४८) हृदय परिवर्तन |
| (१९) प्रार्थना संग्रह | (४९) ह्लापांयाह्म गुरु सु ? द्वि. |
| (२०) बाखँ | (५०) अभिधर्म |
| भाग– १, २, ३, ४, ५, ६ | (५१) सप्तरत्न धन |
| (२६) बोधिसत्व | (५२) महासति पट्ठान सूत्र |
| (२७) शाक्यमुनि बुद्ध | (५३) शान्तिया त्वाथ: |
| (२८) अनत्त लक्खण सुत्त | (५४) चरित्र पुच: भाग–१, २ |
| (२९) वासेट्ठी थेरी | (५६) बुद्ध व शिक्षा (क) |
| (३०) धम्म चक्कप्पवत्तन सुत्त | (५७) बौद्ध ध्यान |

Downloaded from http://dhamma.digital

| | |
|---|---|
| (५८) किसा गौतमी | (८६) भिक्षु जीवन |
| (५९) जप, पाठ व ध्यान | (८७) भिह्म मचा |
| (६०) लुम्बिनी विपस्सना | (८८) विवेक-बुद्धि |
| (६१) विश्व धर्म प्रचार देशना भाग १, २ | (८९) स्वास्थ्य लाभ |
| | (९०) शिक्षा भाग- १, २, ३, ४ |
| (६३) योगीया चिट्ठी | (९४) दृष्टि व तृष्णा |
| (६४) जातक माला भाग-१,२ | (९५) विपस्सना ध्यान |
| (६६) संक्षिप्त भावना | (९६) छंग लाइह्म लाखे |
| (६७) महानारद जातक | (९७) सतिपट्ठान भावना |
| (६८) पालि प्रवेश भाग- १, २ | (९८) गौतम बुद्ध |
| (७०) चमत्कार | (९९) धम्मपद व्याख्या भाग-१ |
| (७१) मणिचूड जातक | (१००) धम्मपदया बाखं |
| (७२) महाजनक जातक | (१०१) त्रिरत्न वन्दना व सूत्र पुच: |
| (७३) गृही-विनय तृ. सं. | (१०२) त्रिरत्न वन्दना व पञ्चशील |
| (७४) बुद्ध व शिक्षा (ख) | (१०३) संसारया स्वापू |
| (७५) बुद्ध-जीवनी | (१०४) धम्मपद (पाली) |
| (७६) सर्वज्ञ भाग-१, २ | (१०५) त्रिरत्न वन्दना व परित्राण |
| (७८) धम्मपद कविता | (१०६) आदर्श बौद्ध महिलापिं |
| (७९) धर्म मसीनि | (१०७) बौद्ध नैतिक शिक्षा |
| (८०) दान | (१०८) वेस्सन्तर जातक |
| (८१) तेमिय जातक | (१०९) दिर्घायु जुइमा |
| (८२) वम्मिक सुत्त | (११०) पालिभाषावतरण भाग-२ |
| (८३) मध्यम मार्ग | (१११) त्रिरत्न गुण लुमके |
| (८४) महासीहनादसुत्त | (११२) निर्वाण |
| (८५) भिह्म म्ह्याय् व काय् | (११३) मनूतय्गु पहः |

मुद्रक : नील सरस्वती छापाखाना, लाजिम्पाट, फोन : ४१८०५४

Downloaded from http://dhamma.digital